# सुनापति गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनको पहिलो बैठक मितिः २०८२ असार ७ गतेको प्रस्ताव तथा निर्णयहरुः

**प्रस्तावहरुः**

१. गाउँसभामा पेश भएका विषयगत समितिर अन्य विषयकावार्षिक निर्णय अनुमोदन गरी प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।
२. आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम अनुमोदन सम्बन्धमा।
३. आर्थिक वर्ष २०८२ /०८३ को मध्यमकालीन खर्च संरचना प्रस्तुत , स्वीकृतर अनुमोदन गर्ने सम्बन्धमा।
४. हिँउदे गाउँसभा पछिका कार्यापालिकाका निर्णयहरु र निर्मित कानून तथा कार्यविधिहरुको अनुमोदन सम्बन्धमा।

**निर्णयहरुः**

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि विस्तृत छलफल गर्दा यस सुनापति गाउँकार्यपालिकाको कार्यालय अन्तर्गतका तपसिलका विषयगत समितिहरुको आर्थिक वर्ष २०८१ /०८२ को बैठकबाट भएका सबै निर्णयहरु अनुमोदन गर्ने र प्रस्तुत तपसिलका चालू आर्थिक वर्ष २०८१ /०८२ को प्रतिवेदन स्वीकृत गरी अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिलः**

| क्र.सं. | विषयगत समितिको नाम | प्रतिवेदन | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास समिति | आर्थिक विकास समितिको चालू आ.व. को प्रतिवेदन, २०८१/०८२ । | संयोजक श्री चित्र बहादुर मानन्धरद्वारा प्रस्ताव पेस। |
| २ | सामाजिक विकास समिति | सामाजिक विकास समितिको चालू आर्थिक वर्षको प्रतिवेदन। | संयोजक श्री पदम बहादुर थापाद्वारा प्रस्ताव पेस। |
| ३ | पूर्वाधार विकास समिति | पूर्वाधार विकास समितिको प्रतिवेदन | संयोजक श्री कुल बहादुर थिङ्गद्वारा प्रस्ताव पेस। |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन समिति | वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन, २०८१/०८२ | संयोजक श्री ध्रुव प्रसाद चौंलागाईंद्वारा प्रस्ताव पेस। |

| क्र.सं. | विषयगत समितिको नाम | प्रतिवेदन | कैफियत |
|---|---|---|---|
| ५ | सुशासन तथा संस्थागत विकास समिति | सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन, २०८१/०८२ | संयोजक श्री चित्र बहादुर मानन्धरद्वारा प्रस्ताव पेस। |
| ६ | विषयगत समिति बाहेकका अन्य समितिको प्रतिवेदनहरुः<br>क) राजस्वा परामर्श समिति<br>ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति<br>ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति<br>घ) स्थानीय विपद् व्यवस्थापन समिति<br>ङ) न्यायिक समिति<br>च) अनुगमन तथा मूल्याङ्कन समिति | क) राजस्व परामर्श समितिको प्रतिवेदन<br>ख) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन<br>ग) बजेट तथा कार्यक्रम तर्जुमा समितिको प्रतिवेदन-संयोजक श्री गिता विष्टद्वारा प्रस्ताव पेस।<br>घ) स्थानीय विपद् व्यवस्थापन समितिको प्रतिवेदन- अध्यक्ष श्री ठुलोकान्छा तामाङ्गद्वारा प्रस्ताव पेस।<br>ङ) सुनापति गाउँपालिकाको न्यायिक समितिको प्रतिवेदन, २०८२- संयोजक श्री गिता विष्टद्वारा प्रस्ताव पेश।<br>च) अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन, २०८२- संयोजक श्री गिता विष्टद्वारा प्रस्ताव पेश। | क) उपाध्यक्ष तथा समितिका संयोजक श्री गिता विष्टद्वारा पेस।<br>ख) संयोजक तथा अध्यक्षद्वारा प्रस्ताव पेस। |

**निर्णय नं. २:**प्रस्ताव नं. २ माथि विस्तृत छलफल गर्दा स्थानीय सरकार ऐन , २०७४ बमोजिम सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङ्गको तर्फबाट उपाध्यक्ष श्री गिता विष्टद्वारा प्रस्तुत आगामी

आर्थिक वर्ष २०८२ /०८३ को नीति तथा कार्यक्रम यस सुनापति गाउँसभाको १८ औं अधिवेशनको पहिलो बैठक मितिः २०८२ असार ७ गते गाउँसभामा पूर्ण छलफल भई सभा अध्यक्ष श्री ठुलोकान्छा तामाङ्गद्वारा वार्षिक नीति तथा कार्यक्रम पारित गरियोस् भन्ने प्रस्तावमा यस गाउँसभाको ध्वनी मतले सर्वसम्मत रुपमा पारित तथा अनुमोदन गरेको हुनाले प्रमाणीकरणको लागि गाउँसभा अध्यक्ष समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ माथि विस्तृत छलफल गर्दा सार्वजनिक खरिद ऐन , २०६३ र नियमावली, २०६४ बमोजिमको खरिद विधि अवलम्बन गरी सेवा परामर्श विधिबाट सुनापति गाउँपालिकाको त्रीवर्षीय खर्च योजना मध्यमकालीन खर्च संरचना २०८२/०८३-२०८४/०८५ तर्जुमाको लागि डिजाइन एसोसियट्स नेपाल प्रा.लि. बनस्थली काठमाण्डौसँग सम्झौता भई अन्तिम प्रतिवेदन गाउँकार्यपालिकाको कार्यालयमा पेश भएकोमा सो मध्यमकालीन खर्च संरचना गाउँपालिकाका उपाध्यक्ष गिता विष्टद्वारा अनुमोदनको लागि प्रस्ताव पेश भएको र गाउँसभाको बहुमत सहितको ध्वनी मतले स्वीकृत भई पारित समेत भएकोले प्रमाणीकरणको लागि अध्यक्ष समक्ष पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ माथि छलफल गर्दा सुनापति गाउँसभाको हिउँदे अधिवेशन २०८१ /०९/२९ गते पश्चात गाउँकार्यपालिकाको बैठकबाट भएका निर्णय र ती निर्णयहरु कार्यान्वयनका क्रममा भएका सबै कार्यसम्पादन र वित्तीय कारोबारहरु स्वीकृत गर्ने र अनुमोदन गर्ने साथै हिउँदे अधिवेशन पछिका कार्यपालिका बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएका तपसिलका सबै कार्यविधि र नियम कानुनहरु समेत स्वीकृत गरी अनुमोदन गर्ने निर्णय गरियो।

**सुनापति गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनको दोस्रो बैठक मितिः २०८२ असार १० गतेको प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरुः**

१. आर्थिक वर्ष २०८२ /०८३ को बजेट तथा कार्यक्रम स्वीकृत र अनुमोदन गर्ने सम्बन्धमा।
२. आर्थिक वर्ष २०८२ /०८३ को अर्थ सम्बन्धी विधेयक स्वीकृत र अनुमोदन गर्ने सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८२ /०८३ को विनियोजन विधेयक स्वीकृत र अनुमोदन गर्ने सम्बन्धमा।
४. ऐन तथा कानून पारित गर्ने सम्बन्धमा।

**निर्णयहरुः**

निर्णय नं. १: प्रस्ताव नं. १ माथि विस्तृत छलफल गर्दा यस सुनापति गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनको दोस्रो बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा

उपाध्यक्ष श्री गिता विष्टद्वारा सभामा पेश भएको आर्थिक वर्ष २०८२ /०८३ को बजेट तथा कार्यक्रमपारित गरियोस् भनी पेश भएको प्रस्ताव उपर छलफल गरी उपाध्यक्ष गिता विष्टद्वारा सभामा राखेको प्रस्ताव सर्व सम्मत रुपमा सभाको बहुमतद्वारा ध्वनी मतले पारित गरेकोले आर्थिक वर्ष २०८२ /०८३ को अनुमानित आय व्ययको विवरण तथा बजेट तथा कार्यक्रम स्वीकृत र अनुमोदन भएको निर्णय गरियो। अनुमोदित बजेट तथा कार्यक्रमको वक्तव्य प्रमाणीकरणको लागि अध्यक्ष समक्ष पेश गर्ने निर्णय गरियो।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि विस्तृत छलफल गर्दा यस सुनापति गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनको दोस्रो बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उपाध्यक्ष श्री गिता विष्टद्वारा सभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८२ /०८३ को अर्थ सम्बन्धी विधेयक, २०८२ वा सुनापति गाउँपालिकाको आर्थिक ऐन , २०८२ पारित गरियोस् भनी सभामा पेस भएको प्रस्ताव उपर छलफल गरी सभाको बहुमतद्वारा ध्वनी मतले उपध्यक्ष गिता विष्टद्वारा राखेको प्रस्ताव स्वीकृत भएकोले सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी विधेयक , २०८२ सर्वसम्मत स्वीकृत र अनुमोदन भएको निर्णय गरियो।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि विस्तृत छलफल गर्दा यस सुनापति गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनको दोस्रो बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा उपाध्यक्ष श्री गिता विष्टद्वारा सभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८२/०८३ को विनियोजन विधेयक, २०८२ वा सुनापति गाउँपालिकाको विनियोजन ऐन , २०८२ पारित गरियोस् भनी सभामा पेश भएको प्रस्ताव उपर छलफल गरी सभाको बहुमतद्वारा ध्वनी मतले पारित भएकोले सुनापति गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८२ को विनियोजन विधेयक, २०८२ सर्वसम्मत स्वीकृत तथा अनुमोदन भएको निर्णय गरियो।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिलको ऐन पारित गरी राजपत्रमा प्रकाशन र कार्यान्वयन गर्ने निर्णय गरियो।

**तपसिलः**

१। सुनापति गाउँपालिकाको प्रज्ञा प्रतिष्ठान सम्बन्धी ऐन् २०८२।